.....

डकुमेन्ट्री कमेन्ट्री

.....

डा लाल-श्याँकारेलु रापचा
हुम्बोल्ट फेलो तथा चिफ रिसर्च अफिसर
आजउरा प्रतिष्ठान, जावलाखेल
स्थानीय विकास मन्त्रालय, नेपाल सरकार

स्वाभिमान निर्माणः देशको नयाँ संविधान

कार्यकारी निर्माताः आलेजान्ड्रो पारेलादो
सह-निर्माताः एमिलिओ कार्टोय डियाज
र एलाइन बोल्टनको अङ्ग्रेजी उप-शीर्षक

१. कथा-व्यथाको संक्षेप

- बोलिभियाली आदिवासीहरू (जम्मा ३६) को अनवरत संघर्षले २५ जनवरी २००९ मा संविधान सभाले देशको संविधानमा बहुलराष्ट्रियता (Plurinational State of Bolivia) र स्वतन्त्रता लिखितम गराएपश्चात् स्वाभिमान निर्माण भएको भन्ने निष्कर्षमा कथा समाप्ति



पृथ्वीको नक्शामा बोलिभिया

२. ऐतिहासिक पक्ष र समस्या

- ई. १५३८ देखि १८२४ सम्म स्पेनको औपनिवेश रहेको र १८२५ मा ३०० सय बर्षपछि सिमोन बोलिभार (मुक्तिदाताकै नाममा देशको नाम) ले मुक्ति दिलाएपछि १८२६ मा संविधान निर्माण, भूपरिवेष्ठित देश

Fatherland or Death/We shall overcome पितृभूमि कि मृत्यु/हाम्रो अवसम्भावी जित्छौं
These people are not going to be stopped
History is not going to stop
Not possible to fight against history
We are History.
ल्याटिन अमेरिकाभरि ६० मिलिएन आदिवासी, औपनिवेशको शोषण र दासत्वको चपेटामा उनीहरूको निर्मूलीकरण
Silvesthe Saisari भूमिहीनको नेता
सान्ता क्रुजमा आदिवासी मार्च १९९६ किसान आन्दोलन
from a demographic majority to a political one-IPs for their rights
समान संस्था, समान सम्पत्ति र समान अधिकार किनभने १८० बर्षे गणतन्त्र र २० बर्षे प्रजातन्त्रले पनि किनारीकृत आदिवासीहरूलाई दोस्रो दर्जा कानुन र अधिकारमा, त्यसैले संविधान संशोधन गरेर सामेली र सहभागीमूलक संरचना
किसान मार्च १९९० मा पूर्वी भागबाट आदिवासीसँग मिलेर र २००१ मा संविधान सभाकोलागि पनि मार्च, पोलिटिकल संविधानमा समावेश हुन चाहने
रेडियो पाचामामाको अडियो ३ १० २००३

मारे पनि तेल, ग्याँस र अधिकारको लागि लडी रहने र स्वाभिमानको लागि, संविधान सभा एल आल्टोमा बगेको रगतको परिणाम
१९५२ को आन्दोलनले उच्च भेगका किसानलाई केही अधिकार दिए पनि तल्लो भेगकालाई नदेको, पश्चिम भेगमा विभेद नै isolated त्यसैले Plurinational State चाहिएको Political Rights
"A plurinational State is not simply a recognition of diversity but a fundamental recognition of the pre-existence (नेपालमा पनि समस्या हेर्नू रापचा सं. २०६८: ४६-४७) of the indigenous and peasant farmer peoples and thus of their self government and self-determination".

३. अपोजिसन/विरोधी पार्टीको तगारो

Gamal Serham Jaldin- PODMAS बहुल छ तापनि प्लुरिनेसनल हुन नसक्ने किनभने घुलमिलको (capacity of mixing) स्थिति, Intercultural हुनु पर्ने, खस बामन शैलीको मान्छे/समूह (जस्तैः चित्र केसी र मोदनाथ प्रश्रित हेर्नू २०६८)
पक्षको दावी १९९४ देखि इन्टरकल्चर भए पनि आर्थिकदेखि लिएए जमिनसम्मको हर क्षेत्रमा खासै परिवर्तन नआएको
त्यसैले प्लुरिनेसनल अटोनिमी चाहिने *Autonomia Indigena* समुदाय सक्षम बहस
Committee on Autonomy: Provincial, Indigenous & Departmental Autonomy- Autonomy is decentralization, it is the geographical distribution of power. President
बहस सान्ता क्रुज २००७ anthem
Racism was a technical move on the part of the right-wing (नेपालमा खस-बामन wing) to prevent the CA. Those racist people, those people who won't accept that we can be equal to them. (नेपालमा खस-बामन)
फेरि भूमिहीन आन्दोलनः माइनिङ पाल्मारितो समुदाय, राष्ट्रिय ध्यानाकर्षण किनकि १९५२ मा भूमिराष्ट्रियकरण, नाजुक स्थिति
Autonomy is not exercised in a vacuum, it has to be exercised within a particular area. Historically, land belongs to the IPs not landlords. They take away our wealth of gold and silver, they took our wood too and now gas and oil as well.
Land, we believe, is a renewable resource that must serve as a tool to improve our people's quality of life.
but Opposition
But we cannot, on this basis, try to migrate to the concept of sovereignty...
बहसको लम्बेतानमा
१ जनवरी २००९ मा National Constitutional Referendum (जनमत)
58% YES in Draft Constitution
42% NO
Bolivia established as a plurinational/communitarian state: a new Bolivia, equal opportunities for all Bolivians: entering a new life किनारीकृत र suffering ३६ आदिवासीलाई संविधानमा समावेश र कसैले नकार्न नसकेको, स्वाभिमानको प्रतिस्थापन भएको र चिन्ता लिनु नपर्ने र बाँच्ने ।

४. नेपाल र विश्वमा किराँती-काँइच स्वाभिमान निर्माणका आधार र उपायहरू

४.१ आधारहरू

- किराँती-काँइचको स्वाभिमान निर्माता अरू नभएर किराँती-काँइच आफैं हुन् ।
- त्यो स्वाभिमान निर्माण प्रक्रिया बोलिभियाली आदिवासीको कथा र किराँती-काँइच वास्तविकतामा केही मूलभूत भिन्नताहरू भएको यस डकुमेन्ट्रीले प्रष्ट्याएको छ ।
- त्यो के भने जनचेतना र संघर्षको हिसाबले हेर्दा बोलिभियाको आदिवासीहरूमा र नेपालको आदिवासीहरूमा आकाश-पातालको फरक छ । प्रवृत्तिको दृष्टिले बिश्लेषण गर्ने हो भने त झन् यहाँ आदिवासीहरूमा दरिएका ५९ (दाबी गर्ने ५७) मा साह्रै कठिनाइका साथ २-५ प्रतिशतमा मात्रै आदिवासी छनक भेटिन्छ । त्यसमा पनि किराँती-काँइचको जनचेतना स्तर हेर्ने हो भने बोलिभियाली र हाम्रो बिच ९९९ र १ को खाल्डो देखिन्छ । यसलाई मुनि प्रस्ट्याइने छ ।
- यो खाल्डो पुर्दै नेपाल तथा विश्वमा किराँती-काँइच स्वाभिमान निर्माण गर्न–
  सर्वप्रथम, किराँती-काँइचहरूले जस्तोसुकै रंगको कमिज वा चोलो पहिरिए पनि मेरो झर्रो रंग त किराँती-काँइच रंग हो भन्ने भुल्नु हुँदैन । अझै सरल भाषामा स्पष्ट भन्नु पर्दा राजनैतिक विचारधारा (political ideology) मा जो जतासुकै चिरा परेको भए पनि हामी अभिभाजित किराँती-काँइच हौं भन्ने भित्री आँखा नखुलेको अन्धो भई रहेसम्म किराँती-काँइच स्वाभिमान निर्माण हुनै सक्दैन । भलै उसले आफ्नो नागरिकतादेखि शैक्षिक प्रमाणपत्रहरूमा सुनुवार, सुनवार, भुजुवार, पृथवार, मुखिया, मुलिचा, कोरमोचा, रूपाचा र रापचा आदि नै किन नलेखाओस् । ठ्याक्कै यही कुरा धार्मिक विचारधारा (religious ideology) मा पनि लागू हुन्छ ।

दोस्रो, कुनै पनि किराँती-काँइचले किराँती-काँइचको रंग स्व-पहिचान गरेपछि मात्रै भाषा, साहित्य, संस्कृति र चिनारीमा किराँती-काँइच स्वाभिमानको निर्माण बन्दै जानेछ । यो स्वाभिमान निर्माण नभईकन कुनै पनि किराँती-काँइच जतिसुकै उच्च ओहदामा उक्लन सफल रहे पनि र सम्पत्ति वा पहुँचवाला भए पनि आफ्नो रंगको वकालत वा लवी गर्न असक्षम रहन्छ । आजसम्म भई रहेको त्यही नै हो । यो परिस्थितिमा बोलिभियाली आदिवासीको कुरा संविधानमा लेखिए जस्तै हाम्रो नयाँ संविधानमा नेपालको आदिवासीको लेखिएला भन्ने कुरामा शंकैशंका छ । यसमा धेरै कारक (factor) (जस्तैः आसे प्रवृत्ति, भाग्यवादी प्रवृत्ति, मवादी प्रवृत्ति, मपाइँत्त्व प्रवृत्ति, समर्पणवादी प्रवृत्ति, गोडा ढोग्ने प्रवृत्ति, भिंगे प्रवृत्ति आदि) ले आदिवासीहरूलाई आफु हुनुको स्वाभिमानबाट चुकाएको छ । किराँती-काँइचको हालत त झन् बेहालै छ । त्यसैले बोलिभिया र नेपाल बिचको खाडल ज्यादै फराकिलो छ भनेको हुँ ।

तेस्रो, कुनै पनि किराँती-काँइचले आफ्नो किराँती-काँइच रंग नचिनेसम्म उसले आफ्नो किराँती-काँइचको हात माथि तान्नुको सट्टा खुट्टा मात्रै तल तानिरहने छ । यो प्रवृत्तिमा सुधार नआएसम्म किराँती-काँइच स्वाभिमान निर्माण हुनै सक्दैन । आफ्नो किराँती-काँइच रंग र वासना नचिनेसम्म नेपालको संविधानमा हामीलाई समावेश गर्नु र नगर्नुमा केही फरक नै हुने छैन । त्यस बेलासम्म हाम्रो स्वाभिमान निर्माण हुँदै हुँदैन ।

अन्त्यमा, किराँती-काँइचले आफ्नो किराँती-काँइच रंग र वासना नचिनेसम्म किराँती-काँइच लोः, मुल्केम र रिमाचेमाको बहस गर्ने, मातृभाषामा लेख्ने, साहित्य निर्माण गर्ने, श्याँदर नाच्नेलाई काम नपाएको, असभ्य र पाखे भनिरहेसम्म किराँती-काँइचको समावेश नेपालको संविधानमा हुने सम्भावना छैन र उनीहरूको स्वाभिमान पनि निर्माण हुने छैन ।

४.२ उपायका बुटीहरू

१. आफु पहिले किराँती-काँइच रंग र वासना शुद्धिकरणमा लाग्ने ।

२. किराँती-काँइच उभिने आधारशीला किराँती-काँइच रंग र वासना भएपछि सबै भन्दा पहिले बौद्धिक मोर्चा खोल्ने ।

३. किराँती-काँइच रंग र वासनापूर्ण बौद्धिक मोर्चाले मात्तै लोकप्रिय मुलिचा (एउटा उदाहरण मात्रै, मि.न. लेख सायद *गोरखापत्र* नयाँ नेपाल पानामा प्रकाशित बिना सम्पादन र आलोचनात्मक विश्लेषण) ले "मिनु मगर (कला) नु काँइचकली फोरोफोषी ङरो (ओखर पाँग्रो जात) देनिमी ।" भनी लेखेको 'आधारहीन र भन्छन् अरे' (अनुरोधः यसमा नराम्रो महशुश गर्नु होला किनभने यो सही कुरा होइन । बूढापाकाले भनेका र गोराले लेखेका सबै कुरा सही हुँदैनन् । तीमध्ये यो पनि एक हो ।) को कुरालाई सुधार्ने र नयाँ स्वाभिमानपूर्ण इतिहास निर्माण गर्ने र किराँती-काँइच स्वाभिमान निर्माण गर्ने (हेर्नु रापचा २००९: ४२-४५) ।

४. कुनै पनि किराँती-काँइचले अन्यलाई गरेको कुनै पनि प्रकारको सहयोग किराँती-काँइचलाई ठ्याक्कै दोब्बर गर्ने ।

५. कुनै पनि एक जना किराँती-काँइचले जानेको ज्ञान, दक्षता र सीप अर्को किराँती-काँइचलाई अविलम्ब सिकाउने इच्छा राख्ने र सिक्न तत्पर हुने ।

६. मानव शरीरमा हुने रक्त सन्चार जस्तै कुनै पनि एक जना किराँती-काँइचले अर्को किराँती-काँइचलाई थाहा पाएसम्मको आमसन्चारको खबर फिंजाइ दिने ।

७. कुनै पनि किराँती-काँइचले आफ्नो सजातीय दिदी-बहिनी दाजु-भाइको कैंची मार्ने र नकारात्मक कुरालाई मात्र उछाल्ने दुष्कार्यलाई तुरून्त रोक्ने ।

८. मवादीबाट तुरून्तै हामीवादीमा रूपान्तरित हुने आदिले किराँती-काँइचको स्वाभिमानलाई संजिवनी दिन्छन् र स्वाभिमान निर्माणको ढोका खोल्नुका साथै मार्ग प्रसस्ती गर्दछन् ।

मिन ला ...
'हिसी' सुप्चा
लो रूप्चा
काँइच ब्लिप्चा ।
गेत्थ बारच्चा ॥

References सन्दर्भसूची

मुलिचा (सुनुवार), लोकप्रिय. मि. न. 'किराँत सुनुवार (काँइच) के ङरो नु फेनङरोपिकि'.

प्रश्रित, मोदनाथ. सं. २०६८. डा. बाबुरामलाई केही प्रश्न, *अन्नपूर्ण पोष्ट*, १०, १२६ भदौ १७.

रापचा, लाल-श्याँकारेलु. २०६८. 'बहुल, मूल र भूलको पहिचान', *जनपहुँच*, १, ३: ४६-४७.

——. ई. २००९ख. *नेपालको आदिवासी किराँती जाति सेरोफेरोः ओल्लो, माझ र पल्लो किराँत.* काठमाडौंः किराँतविज्ञान अध्ययन संस्थान.

.....

२४ भदौ २०६८, शनिवार